# चामे गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## चामे, मनाङ

☎फोन नं.: ०६६- ४४०१७०
✆फ्याक्स : ०६६- ४४०१७०
Email:chamegaupalika@gmail.com
www.chamemun.gov.np

**गण्डकी प्रदेश, नेपाल**


## मिति २०७६।०३।०५ गतेको गाउँ कार्यपालिका बैठकको निर्णयहरु

१. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम चामे गाउँपालिकाको पाँचौं गाउँसभा मिति २०७६ साल असार ६ गतेदेखि आव्हान गर्ने निर्णय गरियो ।

२. चामे गाउँपालिकाको बजेट तथा कार्यक्रम तर्जुमा समितिले विषयगत समितिबाट दफावार छलफल गरी प्रस्ताव भएका कार्यक्रम/आयोजनाहरुको त्रि-वर्षीय खर्च प्रक्षेपण सहितको मध्यमकालीन खर्च संरचनाको मस्यौदालाई स्वीकृत गर्ने र चामे गाउँपालिकाको आर्थिक वर्ष २०७६/७७ को बार्षिक बजेट तथा कार्यक्रम तयार गरी गाउँकार्यपालिकाको बैठकमा पेश गर्ने प्रस्तावलाई स्वीकृत गरी गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

३. चामे गाउँपालिकाको आर्थिक वर्ष २०७६/७७ को नीति तथा कार्यक्रम स्थानीय सरकारका प्रमुख एवम् गाउँपालिकाका अध्यक्ष श्री लोकेन्द्रबहादुर घलेद्वारा मिति २०७६ साल असार ६ गते दिउँसो १ बजे गरिमामय गाउँसभामा सम्वोधन गर्न प्रस्ताव गर्ने निर्णय गरियो ।

४. चामे गाउँपालिकाको आर्थिक वर्ष २०७६/७७ को बजेट तथा कार्यक्रम गाउँपालिकाका उपाध्यक्ष श्री मुनिन्द्रजंग गुरुङद्वारा मिति २०७६ साल असार १० गते बिहान ११ बजे गाउँसभामा पेश गर्न प्रस्ताव गर्ने निर्णय गरियो ।

५. विधायन समितिबाट प्रस्ताव भई आएको चामे गाउँपालिकाको आर्थिक विधेयक, २०७६ र चामे गाउँपालिकाको विनियोजन विधेयक, २०७६ लाई पाँचौं गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

६. चामे गाउँपालिकाको चालु आर्थिक वर्ष २०७५/७६ मा सञ्चालन भएका योजनाहरु मध्ये देहायमा उल्लेखित योजनाहरु प्राविधक मूल्याङ्कन एवम् स्थानीय अनुगमन एवं मूल्याङ्कन समितिको निर्णय अनुसार अन्तिम जाँचपास एवं फरफारक गर्ने निर्णय गरियो ।

**तपसिल**

| | | | |
|---|---|---|---|
| (क) | थानचोक ढल निर्माण | - | रु. ७६५०००।- |
| (ख) | थानचोक मोटरबाटो ढलान | - | रु. २००००००।- |
| (ग) | चरण विकास खोल्साको पानी निकासको लागि तटबन्धन | - | रु. ३०००००।- |

७. चामे गाउँपालिकाको मिति २०७५ साल फाल्गुन २७ गते बसेको गाउँ कार्यपालिकाको वैठकको निर्णय नं. ४ बमोजिम संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट प्राप्त पुरानो पजेरो जीप मर्मत गर्दा लागेको खर्च रु. ९ लाख १९ हजार ७ सय २६ रुपैयाँ अनुमोन गर्ने निर्णय गरियो ।

८. चामे गाउँपालिका वडा नं. ४ मा अवस्थित लोकप्रिय माध्यमिक विद्यालयमा कार्यरत निम्न अनुसारका शिक्षक र मिति २०७६ साल जेठ १० गतेको गाउँ कार्यपालिकाको वैठकको निर्णय नं. १ बमोजिम गौरीशंकर

चामे गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
चामे, मनाङ

☎फोन नं.: ०६६- ४४०१७०
फ्याक्स : ०६६- ४४०१७०
Email:chamegaupalika@gmail.com
www.chamemun.gov.np

गण्डकी प्रदेश, नेपाल

आधारभूत विद्यालयमा कामकाजमा जिम्मेवारी तोकिएका शिक्षक श्री कमला घिमिरेलाई निजको स्वास्थ्य अवस्थाका कारण देहाय बमोजिम जिम्मेवारी तोक्ने निर्णय गरियो ।

| क्र. सं. | शिक्षकको नाम, थर | तह | साविक कामकाजका लागि तोकिएको निकाय | हाल कामकाजका लागि तोकिएको निकाय |
|---|---|---|---|---|
| १ | इन्द्रजंग गुरुङ | प्रा.वि.द्वितीय | लोकप्रिय माध्यमिक विद्यालय, चामे | चामे गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय |
| २ | कमला घिमिरे | प्रा.वि.तृतीय | गौरी शंकर आधारभूत विद्यालय, तिमाङ | लोकप्रिय माध्यमिक विद्यालय, चामे |
| ३ | कमला गौली | प्रा.वि.तृतीय | लोकप्रिय माध्यमिक विद्यालय, चामे | चामे गा.पा.वडा नं. ४ को वडा कार्यालय |

९. चामे गाउँपालिकाको चालु आर्थिक वर्ष २०७५/७६ को सञ्चालन खर्चको चालु खर्चतर्फ बजेट खर्च शीर्षक २८९११ भैपरी आउने चालु खर्चमा नेपाल सरकार समानीकरण अनुदान तर्फ रु. ५,००,००० र आन्तरिक स्रोत तर्फ रु. १,१६,६४८ गरी जम्मा रु. ६,१६,६४८ विनियोजित बजेट मध्ये बाँकी रहेको रु. ४,०४,०४८ मा घटाई बजेट खर्च शीर्षक २२२३१ निर्मित सार्वजनिक सम्पत्तिको मर्मत सम्भार खर्चबाट स्याल्क्यू खोला लघु जलविद्युत मर्मत योजनामा रु. ३,००,००० विनियोजन गर्ने निर्णय गरियो ।

१०. चामे गाउँपालिकाको केन्द्र नजिकै चामे सिटीहल निर्माण गर्ने कार्य योजना भएको हुँदा चालु आर्थिक वर्ष २०७५/७६ को गाउँपालिकास्तरीय आयोजना तथा कार्यक्रमको बजेट खर्च शीर्षक ३१५११ भैपरी आउने पूँजीगत खर्चमा नेपाल सरकार समानीकरण अनुदान तर्फ रु. ५,७०,००० र आन्तरिक स्रोत तर्फ रु. १६,००,००० गरी जम्मा रु. २१,७०,००० बजेट मध्ये आन्तरिक स्रोत तर्फको बजेटबाट घटाई बजेट खर्च शीर्षक ३११३५ चामे सिटीहल निर्माणको डिपीआर तयार गर्ने योजनाका लागि रु. ५,००,०००।- विनियोजन गर्ने निर्णय गरियो ।